# चौथौं कार्यपालिका बैठक

आज मिति २०८३ साल असोज ६ गते मंगलबारका दिन दिउसो १:०० बजे यस नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद न्यौपानेज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न विषय उपर छलफल गरी तपसिल बमोजिम निर्णय गरियो।

उपस्थिति:

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उपप्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी. | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेसी कुमार घर्ती | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क. | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क. | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री विनोद रोका | सचिव | |
| २९ | श्री जिबलाल श्रेष्ठ | अधिकृत आठौं | |

**प्रस्ताव तथा छलफलका विषयहरु:**

१. वार्षिक योजना, कार्यक्रम तथा बजेट कार्यान्वयन कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा।

२. कार्यविधि, निर्देशिका स्वीकृत गर्ने सम्बन्धमा:

   २.१ नागरिक सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

   २.२ कृषि सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

३. स्थानीय सरकार सञ्चालनका लागि आवश्यक पर्ने नीति तथा कानून निर्माणको प्रारम्भिक मस्यौदा तयारी समिति गठन गर्ने सम्बन्धमा।

४. आर्थिक वर्ष २०८२/०८३ को वार्षिक समीक्षा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।

५. दशैं तिहारको अवसरमा प्लाष्टिक जन्य फूल मालाको विक्रि वितरणमा रोक लगाउने सम्बन्धमा।

६. नगरक्षेत्र भित्रका निजी स्वामित्वमा रहेको जग्गाबाट ढुङ्गा/माटो/ग्राभेल संकलन गरी सम्याई/बिराई जग्गा व्यवस्थापन गर्नुपर्ने अवस्थाका जग्गाहरुको लागि निवेदन माग गर्ने सम्वन्धमा।

७. प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी सम्बन्धमा।

८. विविध।

## निर्णयहरु

**निर्णय नं. १** नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक नीति, योजना तथा कार्यक्रम एवं बजेट कार्यान्वयन कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. २** विधायन समितिबाट पेस हुन आएको निम्न निर्देशिका-१ र कार्यविधि-१ स्वीकृत गर्ने निर्णय गरियो।

२.१ नागरिक सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८३

२.२ कृषि सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

**निर्णय नं. ३** स्थानीय सरकार सञ्चालनका लागि आवश्यक पर्ने नीति तथा कानून निर्माणको लागि देहायका पदाधिकारी रहने गरी एक प्रारम्भिक मस्यौदा तयारी समिति गठन गर्ने र सो समितिको काम, कर्तव्य तथा अधिकार एवं सुविधा निम्न बमोजिम हुने निर्णय गरियो।

**प्रारम्भिक मस्यौदा तयारी समितिः**

| | |
|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ३. सम्बन्धित विषयगत शाखाको प्रमुख | सदस्य |
| ४. न्यायिक सहजकर्ता | सदस्य सचिव |

**समितिको काम, कर्तव्य र अधिकारः**

१. नेपालको संविधानको अनुसूची-८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लिखित स्थानीय तहको कार्यक्षेत्र भित्र पर्ने अधिकार कार्यान्वयनका लागि आवश्यक पर्ने नीति, कानूनको पहिचान गर्ने।

२. नगरपालिकाको वार्षिक स्वीकृत नीति, योजना तथा कार्यक्रम एवं बजेट कार्यान्वयनका लागि आवश्यक पर्ने नीति, ऐन, नियमावली, कार्यविधि, मापदण्ड तथा निर्देशिका लगायतका कानूनको पहिचान गर्ने।

३. बुँदा नं. १ र २ बमोजिम पहिचान भएका कानूनहरुको प्रारम्भिक मस्यौदा तयार गर्ने।

४. प्रारम्भिक मस्यौदा उपर सरोकारवालाको राय सुझाव संकलन गरी सो समेत मस्यौदामा समेटने।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

५. प्रारम्भिक मस्यौदा तयार गरी नगरपालिकाको विधायन समितिमा पेस गरी विधायन समितिको राय सुझाव सहित ऐनको हकमा नगर सभा र अन्य कानूनको हकमा कार्यपालिकामा पेस गर्ने।

समितिका पदाधिकारी सुविधाः

१. प्रारम्भिक मस्यौदा तयारी समितिमा टाइपिङ्ग तथा पावर पोइन्ट व्यवस्थापनका लागि १ जना सूचना प्रविधि अधिकृत वा कम्प्यूटर अपरेटर सहित बढीमा २ जना आमन्त्रितलाई समेटन सकिनेछ।
२. समितिका पदाधिकारीले प्रारम्भिक मस्यौदा तयारीको लागि बढीमा ३ पटक मात्र बैठक बस्न सक्नेछ।
३. प्रारम्भिक मस्यौदा तयारी समितिका पदाधिकारीलाई बैठक भत्ता वापत प्रति सदस्य प्रति बैठक रु १०००/- नियमानुसार कर कट्टी गरी उपलब्ध गराइनेछ।
४. बुँदा नं. ३ बमोजिमको बैठक भत्ता प्रारम्भिक मस्यौदा अनुरुपको कानून नगर सभा वा नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात मात्र उपलब्ध गराइनेछ।
५. प्रारम्भिक मस्यौदा तयारी समितिका पदाधिकारीहरुले प्रति बैठक बढीमा रु १२००/- चिया नास्ता वा खाना वापत खर्च गर्न सक्नेछ।

(*पुनश्चः* यो निर्णयको कार्यान्वयन यस कार्यपालिका बैठकबाट स्वीकृत भएका नीति, नियमावली, कार्यविधि, मापदण्ड तथा निर्देशिका समेतमा लागू हुनेछ।)

निर्णय नं. ४ आर्थिक वर्ष २०८२/०८३ को वार्षिक समीक्षा कार्यक्रम देहायको मिति, समय र स्थानमा सञ्चालन गर्ने निर्णय गरियो।

तपसिल

मितिः २०८३ असोज १३ गते, मंगलबार

समयः दिउसो ११:३० बजेदेखि

स्थानः नगरपालिकाको सभाहल।

निर्णय नं. ५ यस नगरपालिका क्षेत्रभित्र पर्याप्त मात्रामा सयपत्री फूल खेति रहेको सन्दर्भमा बजार तथा नगरपालिका भित्रका सम्पूर्ण पसल तथा हाट बजारमा प्लाष्टिक जन्य फूल माला बिक्रि वितरणलाई रोक लगाउने सूचना प्रकाशन गर्ने र सोको सघन अनुगमन समेत गर्ने निर्णय गरियो।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं. ६ निजी स्वामित्वमा रहेका जग्गालाई खेतीयोग्य बनाउन, जग्गा सम्याई माछापालन गर्ने लगायतका प्रयोजनका लागि जग्गामा रहेका ढुङ्गा, माटो, बालुवा, ग्राभेल जस्ता पदार्थ उत्खनन, संकलन र बिक्री वितरणको लागि जग्गाधनीहरुबाट माग भई आउने भएकोले त्यस्ता जग्गाबाट उत्खनन् गरिने ढुङ्गा, माटो, बालुवा, ग्राभेल जस्ता पदार्थको परिमाण एकीन वातावरणीय अध्ययन गर्नुपर्ने भएमा सो समेत गर्ने प्रयोजनका लागि जग्गाधनीहरुबाट निवेदन मागको सूचना प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं. ७ (क) नगरपालिका क्षेत्रभित्र पर्ने बौलाहा खोला र लोकाहा खोलामा थुप्रिएको नदिजन्य पदार्थको नियमानुसार उत्खनन्, संकलन तथा विक्री वितरण गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) तयारी/अध्यावधिक गर्ने।

(ख) आर्थिक वर्ष २०८३/०८४ मा विनियोजित कालिका सामुदायिक ग्रिनरी पार्क निर्माण योजना कार्यान्वयनको लागि पार्कको विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report) तयारी गर्नुका साथै सो आयोजनाको प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) समेत तयार गर्ने।

(ग) देवचुली नगरपालिका, वडा नं. १७ स्थित गैडा ताल संरक्षणको लागि विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report) तथा प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) तयार गर्ने।

विविधः

१. निर्माण सम्पन्नोमुख नारायणघाट-बुटवल सडकको गैडाकोट-दुम्किबास खण्ड अन्तर्गत यस नगरपालिकाको क्षेत्रभित्र पर्ने वस्ती तथा बजार क्षेत्रहरुमा सडकको विच भाग (Median) मा सडक बत्ती (Street Light) निर्माण लागत साझेदारी अन्तर्गत नगरपालिकाले तोकिएको २० प्रतिशत वापतको रकम लागत साझेदारी गर्ने निर्णय गरियो।

२. हरितालिका तीज पर्वको पावन अवसरमा देवचुली नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा मिति २०८३ भाद्र २९ गते सोमबारका दिन सार्वजनिक बिदा दिईएकोले सो बिदा अनुमोदन गर्ने निर्णय गरियो।

३. महालेखा परीक्षकको कार्यालयबाट यस नगरपालिकाको अन्तिम लेखापरीक्षण गर्दा प्रतिवेदनमा औंल्याएका बेरुजु फस्यौंट गरी शुन्य बेरुजु नगरपालिका कायम गर्ने देहायका पदाधिकारीहरु रहने गरी एक बेरुजु फस्यौंट समिति गठन गर्ने निर्णय गरियो।

बेरुजु फस्यौंट समितिः

क. प्रमुख प्रशासकीय अधिकृत संयोजक

देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालय

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

ख. शाखा प्रमुख, आर्थिक प्रशासन शाखा — सदस्य

ग. शाखा प्रमुख, पूर्वाधार विकास शाखा — सदस्य

घ. शाखा प्रमुख, शिक्षा शाखा — सदस्य

ङ. शाखा प्रमुख, कृषि विकास शाखा — सदस्य

च. शाखा प्रमुख, आर्थिक विकास शाखा — सदस्य

छ. लेखापाल, आर्थिक प्रशासन शाखा — सदस्य सचिव

४. देवचुली नगरपालिकाका स्थानीयवासीहरुको निवेदन तथा सम्बन्धित वडाबाट गरिव, विपन्न भनी आर्थिक सहायताका लागि माग सिफारिस भई आएकोले आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि, २०७८ बमोजिम निम्न अनुसार आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

तपसिलः

| सि.नं. | नाम, थर | ठेगाना | सहायता दिनु पर्नाको कारण | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री टक प्रसाद पुन | देवचुली-११ | देवचुली-७ स्थित श्री राधा कृष्ण मन्दिर निर्माण गर्ने क्रममा लडेर खुट्टाको अपरेशन भएको। | रु ८० हजार | |
| २ | श्री मिनु शाही | देवचुली-१७ | क्यान्सर उपचारको क्रममा मृत्यु भएकोले काजक्रिया गर्न। | रु ४० हजार | |
| ४ | श्री कृष्ण कुमारी परियार | देवचुली-१७ | मोटरसाइकलको ठक्करबाट घाइते भई उपचार गर्न आर्थिक अवस्था कमजोर रहेको। | रु ४० हजार | |
| ५ | श्री विन्दु माया सार्की | देवचुली-५ | छोरालाई सर्पले डसेकोले उपचार गर्न आर्थिक अवस्था कमजोर रहेको। | रु १० हजार | |
| ६ | श्री माया खोजवार | देवचुली-१६ | श्रीमानको मृत्यु भएकोले काजक्रिया गर्न आर्थिक अवस्था कमजोर रहेको। | रु २५ हजार | |
| ७ | श्री गणेश प्रसाद सिग्देल | देवचुली-१६ | क्यान्सर रोगबाट ग्रसित भई उ आर्थिक उपचार गर्न आर्थिक अवस्था कमजोर रहेको। | रु २० हजार | |
| ८ | श्री भिमकला सिग्देल | देवचुली-१६ | क्यान्सर पीडित भएकोले उपचारको लागि आर्थिक अवस्था कमजोर रहेको। | रु २० हजार | |

देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालय पातीनगर, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश, नेपाल

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | श्री निर्मला गाहा | देवचुली-९ | निजको पतिको मृत्युभएकोले काजक्रिया गर्न। | रु २० हजार | |
| १० | श्री गणेश बहादुर थनेत | देवचुली-१६ | निजको हजुरबुवा र हजुरआमाको मृत्यु भएको र आर्थिक अवस्था कमजोर रहेकोले काजक्रिया गर्न। | रु २० हजार | |
| ११ | श्री विष्णु बहादुर थापा | देवचुली-३ | पतिको मृत्यु भएकोले काजक्रिया गर्न। | रु २० हजार | |
| १२ | श्री योगान्त थनेत | देवचुली-२ | मृगौलाको विरामी भएको। | रु १५ हजार | |
| १३ | श्री गंगा अधिकारी | देवचुली-५ | घुडाको अपरेशन। | रु ५ हजार | |
| १४ | श्री केशर बहादुर सार्की | देवचुली-५ | मृगौलाको विरामी भएको। | रु १५ हजार | |

५. देवचुली नगरपालिका वडा नं. १६ रजहर स्थित योग एवं प्राकृतिक चिकित्सा समाज नेपालबाट कित्ता नं. ६१८, क्षेत्रफल ०-११-१५ को जग्गा लिज तथा भोगाधिकारको लागि यस नगरपालिकामा निवेदन पेस हुन आएकोले उक्त कित्ता तथा क्षेत्रफलको जग्गा प्रचलित कानून बमोजिम लिज तथा भोगाधिकार प्राप्तिको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत